| २०७७ बैशाख १ देखि साउन १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १५६ | ४५ | १३५ | ६ | १३ | ३ | ४७ | ० | १६१ | **२०९** | **५८** | **२९९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १५४ | ४५ | १३४ | ३ | १२ | १ | १७ | ० | ४२ | **१७४** | **५७** | **१७७** |

# दैनिक विपद् बुलेटिन

१५ साउन विहान १०:०० बजेदेखि १६ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ९ स्थानमा **अबिरल वर्षा, ६** स्थानमा **पहिरो, ३** स्थानमा **आगलागीका** घटना घटेका छन् । यी घटनामध्ये **पहिरोबाट** २ जनाको **मृत्यु, अविरल वर्षा**का कारण ४ जना **घाईते** भएका छन् । **पहिरो**का कारण ३ स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | १८ | ४ | २५,२४,००० | ३ | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१८** वटा घट्नाहरु भएका छन् ।
- **कालिकोट**को सान्नीत्रिवेणी गाउँपालिका वडा नं ६ बुढागाउँमा खानेपानी लिनको लागि लाली खोला गएको बेला माथिबाट **पहिरो** आई २ जनाको घटनास्थलमै मृत्यु ।
- **महोत्तरी**को सम्सी गाउँपालिका वडा नं ५ पोखरभिण्डास्थित एक घरको बरण्डा र कोठाको पर्खाल **अबिरल बर्षा**को कारण भत्किदा १ जना **घाईते, ५ लाख** रुपैंया बराबरको क्षति ।
- **धनुषा**को मिथिलाबिहारी नगरपालिका वडा नं ६ सिरिसियास्थित एक घर **अबिरल बर्षा**को कारण भत्किई पुर्णरुपमा क्षति हुँदा घरभित्र रहेका **३ जना** घाईते ।
- **भोजपुरको** आमचोक गाउँपालिका वडा नं ५ पावलास्थित एक घरको भान्सा कोठाको चुल्हो माथि राखिएको दाउरामा आगो सल्किई **आगलागी** हुँदा घर पुर्णरुपमा जली भाँडावर्तन, लत्ताकपडा, सोलार प्यानल गरी ४ **लाख** रुपैंया बराबरको क्षति ।
- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं ५ डोप्किलेस्थित एक घरमा **पहिरो** आई घरको पूर्व पट्टिको गाह्रो सामान्य चर्की क्षति ।
- **हुम्ला**को ताजाकोट गाउँपालिका वडा नं ५ मदानास्थित एक घर **अबिरल बर्षा**को कारण भत्किई क्षति ।

## घट्ना सारांश...

- **नवलपरासी पश्चिम**को प्रतापपुर गाउँपालिका वडा नं १ पजरैयास्थित २ वटा घर र १ वटा भान्सा घर **अबिरल वर्षाका** कारण भत्किदा **३ लाख** रुपैंया बराबरको क्षति । सरावल गाउँपालिका वडा नं २ मगरमुडास्थित एक स्टोर रुममा बिजुलीको तार सर्ट भई अचानक **आगलागी** हुँदा मोटरसाईकल १, युरिया र डिएपी मल गरी **१ लाख ८७ हजार** रुपैंया बराबरको क्षति । बर्दघाट नगरपालिका वडा नं १५ तेलाहमा पार्किङ गरी राखेको भारतिय कारमा अचानक **आगलागी** हुँदा **५ लाख** रुपैंया बराबरको क्षति ।
- **सुर्खेत**को बराहताल गाउँपालिका वडा नं ३ सुकुरमालास्थित एक कच्ची घरको पछाडी पट्टीको भागमा **पहिरो** आई क्षति ।
- **कैलाली**को लम्कीचुहा नगरपालिका वडा नं १ स्थित एक घर अबिरल बर्षाका कारण भत्किन गई पुर्णरुपमा क्षति । चुरे गाउँपालिका वडा नं ५ गुणीस्थित ४ वटा घर राती देखी परेको **अबिरल बर्षा**का कारण भत्किई क्षति ।
- **रौतहट**को ईशनाथ नगरपालिका वडा नं १ बन्जरहास्थित २ वटा कच्चि घर **अबिरल बर्षा**को कारण आशिंक रुपमा क्षति हुँदा **१ लाख ३० हजार** रुपैंया बराबरको क्षति । राजपुर नगरपालिका वडा नं ९ बैरीयास्थित **३** वटा घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा क्षति हुँदा **१ लाख ७ हजार** रुपैंया बराबरको क्षति ।
- **रोल्पा**को सुनछहरी गाउँपालिका वडा नं ४ सिउरीस्थित एक एक घरको पश्चिम साईडको भित्ता **अबिरल वर्षाका** कारण भत्किई पुर्णरुपमा क्षति हुँदा **४ लाख** रुपैंया बराबरको क्षति ।

## बाटो अवरोध

- **तेह्रथुम**को लालीगुरांस नगरपालिका वडा नं ९ कांडे स्थित **बसन्तपुर म्याङलुङ सडक खण्ड** को दुवै तर्फी बाटो **पहिरो** झरी **अबरुद्ध** ।
- **चितवन**को इच्छाकामना गाउँपालिका वडा नं ४ पृथ्वीराजमार्गको कुरिनटार भन्ने स्थानमा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** झरी दुबै तर्फ **बाटो अबरुद्ध** ।
- **प्युठान**को सरूमारानी गाउँपालिका वडा नं ४ अधेरीखोलास्थित **भालुबाङ-रोल्पा सडक खण्ड**मा **पहिरो** आई **बाटो पूर्णरुपमा अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट **अबिरल वर्षाका** कारण घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, स्थानीयको सहयोगमा **आगलागी** नियन्त्रणमा लिइएको र **पहिरो**बाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन १५ गते बिहान ०८:४५ बजे देखि साउन १६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१६ गते बिहान ०८:४५ बजे १३१ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६३ र स्वचालितः ६८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १०७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (६८.४ मि. मी.) कैलाली जिल्लाको चिसापानी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ५ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१६ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली र महाकाली र यसका सहायक नदीमा बहाव केही घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने । आज कन्काई, कमला, त्रियुगा, तिनाउ, पश्चिम राप्तीका केही स-साना नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने तर सतर्कता भन्दा तलै हुने पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, भोजपुर, खोटाङ, ओखलढुङगा, उदयपुर, ससरी, सिराहा, धनुषा, महोत्तरी, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, चितवन, नवलपरासी, कपिलवस्तु, रूपन्देही, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र आसपास भई बहने साना नदीमा बहाव केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः**http://hydrology.gov.np/**